# गलातीहरूलाई पावलको पत्र

१ पावल, प्रेरितबाट प्रणाम। प्रेरित* हुनलाई, मलाई न त मानिसहरूले चुने न म कुनै मानिसद्वारा पठाइएँ। येशू ख्रीष्ट अनि पिता परमेश्वरले नै मलाई प्रेरित नियुक्त गर्नु भएको हो। परमेश्वर नै एक हुनुहुन्छ जसले येशूलाई मृत्युबाट बौराई ल्याउनु भएको थियो।

२मसित भएका जम्मै ख्रीष्टमा भाइहरूबाट गलातियामा भएका मण्डलीहरूलाई प्रणाम।

३परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टले तिमीहरूलाई अनुग्रह र शान्ति दिउन। ४परमेश्वर र हाम्रा पिताको इच्छा अनुसार यस वर्तमान दुष्ट संसारबाट हामीलाई छुटकारा दिनका लागि उनले आफैलाई हाम्रा पापहरूका निम्ति बलि दिए। ५उनको सदा सर्वदा महिमा रहिरहोस्। आमिन।

### साँचो सुसमाचार एउटै मात्र छ

६केही समय अघि परमेश्वरले तिमीहरूलाई उनको अनुसरण गर्नु बोलाए। उनले तिमीहरूलाई आफ्नो अनुग्रहले बोलाए जुन ख्रीष्ट मार्फत आँउछ। तर अहिले तिमीहरूलाई देखेर म छक्क परे कि तिमीहरूले बाटै बिराएका छौ र अर्कै सुसमाचारमा विश्वास गर्न थालेका छौ।” ७वास्तवमा, कुनै अर्को सुसमाचार साँचो छैन। तर कति मानिसहरूले तिमीहरूलाई अल्मल्याइरहेका छन्। तिनीहरू ख्रीष्टको सुसमाचारलाई अर्को तिर बद्लन चाहन्छन्। ८हामीले तिमीहरूलाई साँचो सुसमाचार भनेका छौं। यसैले हामी त के, स्वर्गका स्वर्गदूत धरिले अर्कै सुसमाचार भन्छन् भने उसको भर्त्सना गनुपर्छ। ९हामीले यो अघि नै भनिसकेका छौं। र अहिले पनि भन्दैछु। तिमीहरूले साँचो सुसमाचारलाई स्वीकार गरिसकेका छौ। यसर्थ यदि कसैले तिमीहरूलाई मुक्तिको अर्कै उपाय बताँउछ भने त्यसको भर्त्सना गर्नुपर्छ।

१०अनि के मलाई नै स्वीकार गरून् भनी मानिसहरूलाई मैले विश्वास गराउने चेष्टा गर्दैछु भन्ने तिमीहरू संझन्छौ? होइन! मैले परमेश्वरलाई मात्र खुशी पार्न चेष्टा गर्दैछु। मैले मानिसहरूलाई खुशी पार्न चाहेको छु र? यदि अझै मानिसहरूलाई नै खुशी पार्नु चेष्टा गर्दै थिए भने म येशू ख्रीष्टको सेवक बन्ने थिइनँ।

### पावलको अधिकार परमेश्वरबाट हो

११दाजु-भाइहरू हो! म इच्छा गर्छु कि तिमीहरूले जान, जुन सुसमाचार मैले प्रचार गरें त्यो मानिसले बनाएको होइन। १२मैले मानिसहरूबाट सुसमाचार पाइनँ। कसैले मलाई सुसमाचार सिकाएको होइन। येशू ख्रीष्ट आफैले मलाई यो प्रकट गर्नु भएको हो।

१३मेरो बितेको जीवन बारे तिमीहरूले सुनिसकेका छौ। म यहूदी धर्मालम्बी थिएँ। मैले परमेश्वरको मण्डलीलाई खुबै सताए। म मण्डलीलाई भत्काउने कोशिश गर्थें। १४म यहूदी धर्म विश्वासी थिएँ। म यहूदी धर्मका नेता बन्न लागेको थिएँ। मैले मेरा समकालीन नव युवक यहूदीहरूलाई उछिनेको थिएँ। पुराना रीतिथिति मान्न म अरूभन्दा ज्यादै उत्साहित थिएँ। ती सब रीति-रिवाजहरू हामीले आफ्ना पुर्खाहरूबाट पाएका थियौं।

१५तर म जन्मनुभन्दा अघि नै परमेश्वरले मेरो लागि यो योजना बनाएका रहेछन्। यसकारण उनले उनको अनुग्रहले मलाई बोलाए। १६परमेश्वरले मलाई आफ्ना पुत्रको सुसमाचार अयहूदीहरू माझ भन्न इच्छा गरे। यसैले परमेश्वरले मलाई आफ्ना पुत्रको दर्शन गराए। परमेश्वरले बोलाउँदा मैले कसैबाट कुनै सल्लाह र सहायता लिइनँ। १७म परमेश्वरले ममा प्रेरितहरूलाई भेट्न गइनँ जो मभन्दा अघिका थिए। तर, अबेर नगरी म अरब देशमा गएँ र त्यहाँबाट दमस्कस शहरमा फर्केर आएँ।

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

[१८]तीन वर्षपछि म यरूशलेम गएँ; म पत्रुसलाई
भेट्न चाहन्थे। पत्रुससित म पन्द्र दिन बसे। [१९]मैले
अरू प्रेरितहरूलाई भेटिनँ-खालि याकूबलाई भेटे जो
प्रभुका भाइ हुन्। [२०]परमेश्वर जान्दछन् मैले लेख्नलागेका
यी कुराहरू भूटा होइनन्। [२१]तब म सिरिया र
सिलिसिया गएँ।

[२२]यहूदीयामा ख्रीष्टका मण्डलीले यसभन्दा अघि मेरो
अनुहार देखेका थिएनन्। [२३]मेरो बारेमा तिनीहरूले
खालि यति सुनेका थिए: "यस मानिसले हामीलाई खुब
सताउने गर्थ्यो तर उही नै अहिले मानिसहरूलाई त्यही
विश्वासका कुराहरू गरिहिड्छ जुन विश्वासलाई उ नष्ट
गर्ने चेष्टा गर्थ्यो।" [२४]यी विश्वासीहरूले मेरै कारणले
परमेश्वरको धेरै प्रशंसा गाए।

## अरू प्रेरितहरूले पावललाई माने

२ चौध वर्ष बितेपछि बर्णाबाससित म फेरि यरूशलेम
गएँ। र तीतसलाई साथमा लगें। [२]म गएँ, कारण
परमेश्वरले मलाई त्यहाँ जानै पर्ने देखाउनु भयो। मैले
विश्वासीहरूका नाइकेहरूलाई त्यहाँ भेटें। जब हामी
एकान्त भयौं मैले तिनीहरूलाई त्यही सुसमाचार व्याख्या
गरें जुन म अ-यहूदीहरू माझमा प्रचार गर्छु। तिनीहरूले
मेरो काम बुझुन् भन्ने म चाहन्थें जसमा कि मेरा
विगतका कामहरू र वर्तमानका प्रयासहरू खेरा नजाऊन्।
[३-४]तीतस मसितै थिए। तीतस ग्रीक थिए। तर ती
विश्वासीहरूले तीतसलाई खतना गर्नु कर लगाएनन्।
हामी यस्तै समस्याहरू बारे कुरा गर्न चाहन्थ्यौं, किन
कि कतिपय अविश्वासीहरू गुप्त रूपले हाम्रा दलमा
पसेका थिए। ख्रीष्ट येशूमा हाम्रो स्वतंत्रता बुझ्न
तिनीहरू जासूस बनेर पसेका थिए। [५]तर हामी ती भूटा
भाइहरूले चाहेका कुरामा अलिकति पनि झुकेनौं
जसमा कि तिमीहरूमा सुसमाचारको सत्यता रहिरहोस्।

[६]तर ठूला-बड़ा मानिसहरूले मैले प्रचार गरेको
सुसमाचारलाई अदल-बदल गरेनन्। तिनीहरू "ठूला-बड़ा"
होलान् कि नहोलान् त्यसले मलाई केही फरक पर्दैन।
परमेश्वरको निम्ति सबै एक समान छन्। [७]तर ती
नाइकेहरूले देखे कि परमेश्वरले पत्रुसलाई यहूदीहरू
माझ अनि मलाई अयहूदीहरू माझ सुसमाचार प्रचार
गर्न लगाए। [८]परमेश्वरले पत्रुसलाई यहूदीहरूको प्रेरित
भएर काम गर्नु लगाए। अनि मलाई पनि अयहूदीहरूको
प्रेरित भई काम गर्न लगाए। [९]याकूब, पत्रुस र यूहन्ना
नाइके जस्ता मानिन्छ। तिनीहरूले बुझे कि परमेश्वरले
मलाई विशेष उपहार दिएका छन्। यसकारण तिनीहरूले
बर्णाबास र मलाई स्वीकार गरे। तिनीहरूले भने,
"पावल र बर्णाबास, हामी मान्छौं कि तिमीहरू ती
मानिसहरू कहाँ जाऊ जो यहूदी होइनन् र हामी चाँहि
यहूदीहरू माझ जान्छौं।" [१०]तिनीहरूले हामीलाई एउटा
कुरो भने कि गरीबहरूलाई सहायता गर्न नभुल्नू। अनि
मैले सधैं त्यो कुरा गर्ने भरसक प्रयास गरेको छु।

## पत्रुस भूलमा थिए भन्ने पावलले औल्याँउछन्

[११]जब पत्रुस एन्टिओकमा आए उनले गरेको काम
सरासर भूल थियो। त्यसैकारण मैले उनको मुखामुखी
विरोध गरें। [१२]यो कसरी भयो भने: जब पत्रुस पहिलो
पटक एन्टिओकमा आए उनी अयहूदीहरूसँग स्वतन्त्ररूपले
घुमे। जब याकूबकहाँबाट केही यहूदीहरू आए पत्रुसले
ती अयहूदीहरूसित संगत गर्न छोड़े। उनले आफैले
आफूलाई अयहूदीहरूदेखि अलग राखे, उनी यहूदीहरूसँग
डराए। [१३]त्यहाँ भएका अरू यहूदी ख्रीस्टियनहरूले पनि
पत्रुसको कप्ट्याइँमा साथ दिए। बर्णाबास पनि तिनीहरूबाट
प्रभावित बने अनि कपटीले जस्तो काम गरे। [१४]मैले
यी यहूदीहरूको मन हेरें। उनीहरूले सुसमाचारको सत्यतालाई
पछ्याइरहेका थिएनन्। यसकारण सारा मण्डलीहरूको
सामुन्ने मैले पत्रुसलाई भने: "पत्रुस तिमी यहूदी हौ। तर
यहूदीले जस्तै तिमीले आफ्नो जीवन बिताइरहेका छैनौ।
तिमी अयहूदीहरू सरह बसिरहेका छौ। यदि यसो हो
भने तिमी किन अयहूदीहरूलाई यहूदीहरू जस्तो बाँच्न
कर लगाँउछौ?"

[१५]हामी यहूदीहरू जन्मैका यहूदी हौं, अयहूदी जो
पापीहरू जस्ता होइनौं। [१६]हामी जान्दछौं, व्यवस्था
मान्दैमा कोही पनि परमेश्वरको सामु धर्मी बन्दैनौं। येशू
ख्रीष्टमा विश्वास गरे मात्र मानिस परमेश्वरमा धर्मी
बन्न सक्छ। यसकारण हामी पनि येशू ख्रीष्टमा विश्वास
गर्छौं। अनि परमेश्वरको माध्यममा ख्रीष्टमा विश्वास
राखेर नै हामी परमेश्वरको सेवक बनेका छौं-व्यवस्था
मानेर होइन। किनकि व्यवस्था मानेर कोही पनि धर्मी
बन्न सक्दैन।

[१७]धर्मी बन्न हामी ख्रीष्टमा आयौं। यसबाट हामी
पनि पापीहरू थियौं भन्ने स्पष्ट छ। यसबाट के ख्रीष्टले
हामीलाई पापी बनाँउछन्? पक्कै होइन। [१८]यदि मैले फेरि
त्यही छोड़ि सकेको व्यवस्था प्रचार गरें भने मैले

स्वीकारें कि मैले व्यवस्था भङ्ग गरें। [१९]व्यवस्थामा
बाँच्न मैले त्यागिसकेको छु। त्यही व्यवस्थाले मलाई
मार्‍यो। ती व्यवस्थाको लागि म मरिसकेको छु ताकि म
परमेश्वरको लागि बाँचेको छु। म ख्रीष्टसितै क्रुसमा
टाँगिएँ। [२०]यसैले म बाँचिरहेको छैन तर ख्रीष्ट हुनुहुन्छ
जो ममा बाँचिरहनु भएको छ। म मेरो शरीरमा अझै
जीवित छु तर म परमेश्वरका पुत्रको विश्वासमा जीवित
छु। मलाई उहाँले प्रेम गर्नुभयो अनि मलाई बचाउनु
उहाँले मेरो निम्ति आफैलाई अर्पणु भयो। [२१]परमेश्वरबाट
पाएको यो उपहार मलाई खुबै महत्वपूर्ण छ। किनभने
यदि व्यवस्थाले हामीलाई परमेश्वरको धर्मी बनाउँदो हो
त, ख्रीष्टलाई मर्न कुनै दरकार थिएन।

### परमेश्वरको आशिष विश्वासबाट आउदछ

३ हे गलातीवासीहरू, क्रूसमा येशू ख्रीष्ट को मृत्युबारे
तिमीहरूका आँखाअघि स्पष्टसित झल्काइएकै थियो।
तर तिमीहरू मूर्ख रहेछौ। कसैले तिमीहरूलाई छक्काएछ।
[२]मलाई यो एउटै कुरो भन: तिमीहरूले पवित्र आत्मा
कसरी पायौ? के व्यवस्था पालन गरेर नै आत्मा पाएका
हौ? होइन। तिमीहरूले सुसमाचार सुनेर अनि विश्वास
गरेर आत्मा पाएका छौ। [३]तिमीहरू यति मूर्ख कसरी
बन्नसक्छौ? तिमीहरूले आत्मासित ख्रीष्टमा जीवन शुरू
गर्‍यौ। अनि अब के आफ्नै शक्तिले पूर्ण गर्ने कोशिश
गर्छौ? यो मूर्खता हो। [४]तिमीहरूले धेरै कुराको अनुभव
गरेका छौ। के ती सबै खेरो गए? म आशा गर्छु ती
खेरो गएनन्। [५]व्यवस्था मान्छौ भनेर परमेश्वरले येशूको
आत्मा दिनुभएको हो? होइन। व्यवस्था मान्छौ भनेर
परमेश्वरले तिमीहरूबीच चमत्कार गरेका हुन्? होइन।
तिमीहरूले सुसमाचार सुन्यौ र यसमा विश्वास गर्‍यौ
भनेर परमेश्वरले आफ्नो आत्मा दिएका र चमत्कार
गरेका हुन्।

[६]अब्राहामको बारेमा शास्त्रले त्यही भन्छ। "अब्राहामले
परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले उनको
विश्वासलाई स्वीकार गरे। त्यसले अब्राहामलाई परमेश्वरको
धर्मी बनायो।"* [७]यसैकारण, तिमीहरूले जान्नुपर्छ कि
जोसित विश्वास छ तिनीहरू नै अब्राहामका साँचो
सन्तान हुन्। [८]धर्म शास्त्रले भनेको थियो कि अयहूदीहरूलाई
विश्वासद्वारा परमेश्वरको धर्मी बनाइन्छ। अब्राहमलाई यो
सुसमाचार अघि नै सुनाइएको थियो, जस्तो शास्त्रले
भन्छ, "तिम्रो माध्यममा सम्पूर्ण जातिहरूलाई आशीर्वाद
दिइनेछ।"* [९]अब्राहामले यो विश्वास गरे अनि उनी
धन्य भए। आज पनि यो त्यस्तै छ। जस-जससित
विश्वास थियो तिनीहरू सबैले अब्राहामले जस्तै आशीर्वाद
पाए। [१०]तर व्यवस्था पछ्याउनमा भर पर्नेहरूले श्राप
पाए किन भने शास्त्रले भन्छ: "व्यवस्थामा लेखिएका
सबै कुरा प्रत्येकले मान्नै पर्छ। जसले मान्दैन उ माथि
सराप हुन्छ।"* [११]यसैबाट यो प्रष्ट हुन्छ कि व्यवस्था
द्वारा कसैलाई परमेश्वरमा धार्मिक बनाउन सकिंदैन।
"जो मानिस विश्वासको माध्यम परमेश्वरको सोझो छ,
उ सधैं बाँचिरहन्छ।"* [१२]व्यवस्था विश्वासमा अड़ेको
छैन। व्यवस्थाले भन्छ, "जसले यी कामहरू गरेर बाँच्न
चहान्छ उसले व्यवस्थाले भनेकै कुराहरू पालन गर्नुपर्छ।"*
[१३]व्यवस्थाले हामीमा श्राप ल्यायो तर ख्रीष्टले त्यो श्राप
हामीबाट हटाइदिनु भयो। हाम्रो ठाउँ उहाँले लिनुभयो र
आफैले त्यो श्राप थाप्नुभयो। शास्त्रमा यो लेखिएको छ,
"जब कसैको शरीर रूखमाथि झुण्ड्याइन्छ त्यो श्रापित
हो।"* [१४]परमेश्वरको आशिष सबै मानिसले पाउन
सकुन भनी ख्रीष्टले त्यसो गर्नु भएको हो। परमेश्वरले
अब्राहामलाई यो आशिष प्रतिज्ञा गरे जुन ख्रीष्ट येशू
मार्फत आउँदछ। येशू मर्नु भयो जसमा कि पवित्र
आत्मा जुन परमेश्वरले प्रतिज्ञा गरेको, हामी पाउन
सकौ। हामी यो प्रतिज्ञा विश्वासद्वारा पाउँछौं।

### व्यवस्था र वचन

[१५]दाजु-भाइ दिदी-बहिनीहरू हो, म एउटा उदाहरण
दिन्छु: जब कसैले इच्छापत्र लेख्छ र त्यो अधिकृत
हुन्छ, तब कसैले त्यसलाई पन्छाउन सक्दैन अथवा न
त्यसमा केही थप्न नै सक्छ। [१६]परमेश्वरले अब्राहाम र
उनका सन्तानलाई प्रतिज्ञा गरेका थिए। परमेश्वरले
"अनि तिम्रा सन्तानहरूलाई" भन्नुभएन, जसको अर्थ
एक जना व्यक्ति ख्रीष्ट मात्र हुन्छ। [१७]मेरो भन्नुको
मतलब: परमेश्वरले करार बनिनु भन्दा धेरै वर्ष अघि नै

---

**"अब्राहामले ... बनायो"** उत्पत्ति १५:६।

**"तिम्रो ... दिइनेछ"** उत्पत्ति १२:३।

**"व्यवस्थामा ... हुन्छ"** व्यवस्था २७:२६।

**"जो मानिस ... बाँचिरहन्छ"** हबकूक २:४।

**"जसले यी ... पालन गर्नुपर्छ"** लेवी १८:५।

**"जब ... श्रापित हो"** व्यवस्था २१:२३।

यो करार अब्राहामसँग गरेका थिए। व्यवस्था त चार
सय तीस वर्षपछि मात्र बनिएको हो। यसैले व्यवस्थाले
करार रद्द गराउन सक्दैन र अब्राहामलाई परमेश्वरले
दिएका प्रतिज्ञालाई बदल्न सक्दैन। १८ करारलाई मान्दा
परमेश्वरले गरेको प्रतिज्ञा पाइन्छ र? पाइँदैन। यदि
व्यवस्था मान्दा ती वस्तुहरू हामीले पाइने भए त्यो
प्रतिज्ञाबाट होइन। तर अब्राहामको पक्षमा आफ्नो प्रतिज्ञाको
आधारमा उपहार स्वरूप परमेश्वरले उनलाई आशिष
दिए।

१९ त्यसो हो भने व्यवस्था किन आवश्यक पर्‍यो?
मानिसहरूले भूल गर्छन् भन्ने देखाउनलाई व्यवस्था
दिइएको थियो। अब्राहामको खास सन्तान नआउञ्जेल
सम्म त्यो व्यवस्था चलिरह्यो। परमेश्वरको प्रतिज्ञा यिनै
सन्तानको विषयमा थियो। व्यवस्था स्वर्गदूतद्वारा दिइएको
थियो। स्वर्गदूतहरूले मानिसहरूलाई व्यवस्था दिंदा मोशालाई
मध्यस्थ राखे। २० तर यो एक पक्षीय भए मध्यस्थ
आवश्यक पर्दैन अनि परमेश्वर केवल एउटै थिए।

### मोशाको व्यवस्थाको उद्देश्य

२१ के यसले व्यवस्था परमेश्वरको प्रतिज्ञाको विरुद्ध
हो भन्ने अर्थ लाउँछ? होइन। मानिसहरूलाई जीवन दिने
त्यस्तो व्यवस्था हुँदो हो, हामी व्यवस्था पालन गरेरै
धार्मिक बनिने थियौं। २२ तर यो साँचो होइन, किन कि
धर्मशास्त्रले घोषणा गर्छ कि सबै मानिसहरू पापका
कैदी हुन्। यसको अर्थ हुन्छ कि मानिसहरूलाई
दिइएको प्रतिज्ञा विश्वासद्वारा दिइन्छ। येशू ख्रीष्टमा
विश्वास राख्ने मानिसहरूलाई दिइएको थियो।

२३ यो जबसम्म विश्वास आएको थिएन हामीहरू
व्यवस्थाको कैदी थियौं। जबसम्म परमेश्वरले आउन
पर्ने विश्वास आउदैंन, हामी स्वतन्त्र हुदैंनौ। २४ यसैले
गर्दा ख्रीष्टको आगमनसम्म व्यवस्था हाम्रो अभिभावक
थियो। ख्रीष्ट आए पछि यो विश्वासद्वारा हामी धर्मी
बन्न सक्यौ। २५ अब विश्वासको बाटो खुलेको छ र
हामी व्यवस्थाको अभिभावकत्वमा छैनौं।

२६ यसकारण अब यो विश्वासद्वारा ख्रीष्टमा तिमीहरू
परमेश्वरका बालकहरू हौ। २७ तिमीहरू सबै ख्रीष्टमा
बप्तिस्मा लिएर तिमीहरूले ख्रीष्ट नै पहिरेका छौ।
२८ अब ख्रीष्टमा कुनै व्यक्ति यहूदी अथवा ग्रीक,
कमारा अथवा फुक्का अनि स्त्री अथवा पुरूषमा पनि
कुनै भिन्नता भएन। किनभने ख्रीष्ट येशूमा तिमीहरू सब
एक हौ। २९ तिमीहरू ख्रीष्टमा हौ भने तिमीहरू अब्राहामका
सन्तान हौ। यसको अर्थ अब्राहामलाई परमेश्वरले
प्रतिज्ञा गरेको जम्मै आशिष पाउने छौ।

४ म यो तिमीहरूलाई भन्न चाहन्छु: उत्तराधिकारी
बालक छउञ्जेल उ र कमारा बीचमा कुनै भिन्नता
रहँदैन। यो सत्य हो यद्यपि उसले आफ्नो अधिकारमा
रहेको प्रत्येक कुरो पाउँछ। २ किन? किनभने बालक
छउञ्जेल उसले आफ्नो अभिभावक र संरक्षकको आज्ञा
मान्नुपर्छ। तर बालक जब आफ्ना बाबुले तोकिदिएको
उमेरमा पुग्छ, उ मुक्त बन्छ। ३ हामीसँग पनि त्यस्तै हो।
एक समयमा हामी पनि बालक-बालिका जस्तै थियौं।
हामी यस संसारका व्यर्थका व्यवस्थाका कमारा थियौं।
४ तर उचित समयमा परमेश्वरले आफ्नो पुत्र पठाए।
परमेश्वरका पुत्रले एउटी स्त्रीको कोखमा जन्म लिए।
उनी पनि व्यवस्थाको अधीनमा बसे। ५ परमेश्वरले यसो
गर्नुको कारण व्यवस्थाका अधीनमा बस्नेहरूलाई मुक्ति
दिनु थियो। हामीलाई आफ्ना बालक बनाउने परमेश्वरको
इच्छा थियो।

६ तिमीहरू परमेश्वरका छोरा-छोरीहरू हौ। त्यसैकारण
परमेश्वरले आफ्ना पुत्रको आत्मा तिमीहरूको हृदयमा
पसाइदिए। त्यही आत्माले पुकार्छ, “बाबा, पिता।”
७ यसैकारण, अब तिमीहरू अघिजस्तो कमारा छैनौ।
तिमीहरू परमेश्वरको पुत्र हौ। आफूले गरेको प्रतिज्ञा
परमेश्वरले पूरा गर्नेछन्, किनभने तिमी उनको पुत्र हौ।

### गलातीका ख्रीष्टियनहरू प्रति पावलको प्रेम

८ अघि-अघि तिमीहरूले परमेश्वरलाई चिनेका थिएनौ।
तिमीहरू त्यस्ता देवताहरूको दास थियौ जो साँचो
थिएनन्। ९ अब तिमीहरूले साँचो परमेश्वरलाई चिन्छौ।
वास्तवमा परमेश्वरले तिमीहरूलाई चिने। यसकारण
अघि-अघि मानिलिएका ती कमजोर र निकम्मा व्यवस्थाहरू
तिर फेरि किन फर्कन्छौ? फेरि त्यसकै कमारा बन्न
चाहन्छौ? १० तिमीहरूले अझै पनि व्यवस्थाका शिक्षा
अनुसार खास दिन, महीना, ऋतु र वर्ष मनाउँछौ।
११ तिमीहरूबारे मलाई डर लाग्छ कि तिमीहरूका लागि
मैले जे जति परिश्रम गरें ती सब व्यर्थ त भएनन्।

१२ दाजु-भाइ दिदी-बहिनीहरू, म पनि तिमीहरू जस्तै
थिएँ, यसकारण दया गरी अब म जस्तै भइदेऊ। अघि
तिमीहरू मेरोलागि खुबै राम्रा थियौ। १३ संझ त, म
किन तिमीहरू भएमा पहिल्यै आएँ। किन कि मलाई

सान्चो थिएन। तब मैले तिमीहरूमा सुसमाचार प्रचार गरें। [१४]मेरो बिसञ्चो तिमीहरूलाई भार बन्यो। तर तिमीहरूले म प्रति घृणा दर्शाएनौ। तिमीहरूलाई छोड़न मलाई वाध्य गरेनौ। तिमीहरूले मलाई यस्तो स्वागत गऱ्यौ कि म परमेश्वरबाट आएको दूत नै हुँ। तिमीहरूले मलाई स्वयं येशू ख्रीष्टलाई झैं स्वीकाऱ्यौ। [१५]त्यसबेला तिमीहरू खुबै प्रसन्न थियौ। कता अल्पियो त्यो खुशी अहिले? मलाई संझना छ हुनसक्ने सब किसिमको सहायता मलाई दियौ। यदि सम्भव हुन्थ्यो भने आफ्नो आँखा पनि निकाल्थ्यौ अनि मलाई दिन्थ्यौ। [१६]के अहिले म तिमीहरूको शत्रु भएको छु किनकि म सत्य बोल्छु?

[१७]ती मानिसहरू तिमीहरूमाथि खुबै चासो राख्दैछन्, तर तिनीहरूको मनसाय राम्रो छैन। तिमीहरूको लागि त्यो राम्रो होइन। तिनीहरू चहान्छन् कि तिमीहरू हाम्रो विरोधमा खड़ा हौ। तिनीहरू चाहान्छन् कि तिमीहरूले तिनीहरूलाई मात्र पछ्याउनु अनि अरूलाई होइन। [१८]जब मानिसहरूले तिमीमा चासो लिन्छन भने, त्यो सधैं राम्रो छ यदि उद्देश्य राम्रो छ भने। त्यो सँधै सत्य हो, म तिमीहरूसित हुँदा होस् कि नहुँदा होस्। [१९]मेरा साना बालकहरू हो! जन्म दिंदा आमालाई जस्तो प्रसुति पीड़ा हुन्छ, मलाई पनि त्यस्तै पीड़ा अनुभव भइरहेछ। तिमीहरू ख्रीष्ट जस्तै नहोउञ्जेल म त्यही पीडा अनुभव गरिनै रहन्छु। [२०]मलाई लाग्छ यदि म अहिले तिमीहरूसित हुँदो हुँ, त म मेरो स्वरको लय नै बदल्ने थिएँ, किन कि म अन्योलमा परेको छु।

## हागार र साराको उदाहरण

[२१]तिमीहरूमध्ये कतिजना मोशाको व्यवस्थाको अधीनमा रहन चाहन्छौ। भन त, व्यवस्थाले के भन्छ तिमीहरू सुन्दैनौ? [२२]धर्मशास्त्रले भन्छ, अब्राहामका दुइ छोराहरू थिए। तिनीहरूमध्ये एउटाकी आमा कमारी थिई र अर्को चाँहिकी आमा मुक्त स्त्री थिई। [२३]अब्राहामको कमारी पट्टिको छोरो सामान्य मानव रूपले जन्मेको थियो भने मुक्त स्त्री पट्टिको छोरो परमेश्वरले अब्राहामलाई दिएको प्रतिज्ञा अनुसार जन्मेको थियो।

[२४]यो सत्य कथाले हाम्रो अघि एउटा चित्र खड़ा गर्छ। ती दुइ स्त्रीहरू परमेश्वर र मानिस बीचको करार (अनुबन्ध) स्वरूप हुन्। एउटा करार सीनै पाहाड़* को परमेश्वरले बनाएको व्यवस्था हो। यस संझौताको अधीन रहने मानिसहरू कमारा जस्ता हुन्। हागार नाउँकी आमा त्यही करार जस्तो हो। [२५]हागार अरब देशमा सीनै पाहाड़ जस्तो हो र उ यरूशलेमको वर्तमान नगरको यहूदीको प्रतिरूप हो। यो नगर एउटा कमारा हो र यसका मानिसहरू (यहूदी) कमाराहरू हुन्। [२६]तर स्वर्गीय यरूशलेम एउटी मुक्त नारीको प्रतीक हो। यिनी हाम्री माता हुन्। [२७]धर्मशास्त्रमा यो लेखिएको छ:

"खुश होऊ हे बाँझी नारी जसले कुनै बालकलाई
जन्म दिन सकिनौ हर्षले कराऊ, जोड़ले चिच्याऊ
कि प्रसव पीड़ा तिमीले कहिल्यै अनुभव गरिनौ।
त्यो नारी जसको पति छैन, उसैका धेरै सन्तान
होलान्, पतिसितै रहने स्त्रीको बरू त्यतिका
छोरा-छोरी नहोलान्।"

*यशैया ५४:१*

[२८-२९]अब्राहामको एउटा छोरो सामान्य रूपले जन्मेको थियो। अर्को छोरो परमेश्वरको प्रतीज्ञा अनुसार आत्माको शक्तिले जन्मेको थियो। मेरा दाजु-भाइ, दिदी-बहिनीहरू! तिमीहरू पनि ती इसहाक जस्तै प्रतीज्ञाका छोरा-छोरीहरू हौ। सामान्य रूपमा जन्मने छोराले अर्को छोरासँग दुर्व्यवहार गरेको थियो। आज पनि त्यस्तै भइरहेछ। [३०]तर धर्मशास्त्रले के भन्छ? "कमारी र उसको छोरालाई निकालि देऊ! मुक्त स्त्रीको छोराले आफ्ना पिताका सबैथोक पाउने छ। तर कमारीको छोराले केही पाउने छैन।"* [३१]यसैकारण मेरा दाजु-भाइ र दिदी-बहिनीहरू हो! हामी कमारीको छोरा-छोरी होइनौं। हामी स्वतंत्र स्त्रीका छोरा-छोरीहरू हौं।

## अहिले हामी मुक्त छौ

**५** ख्रीष्टले हामीलाई स्वतंत्र बनाउनु भयो, साहासी होऊ। बद्ली भएर व्यवस्थाकै कमारा नबन। [२]सुन! म पावल हुँ। म भन्छु, यदि खतना गरी तिमीहरू फेरि (व्यवस्थामै) फर्कन्छौ भने तिमीहरूका लागि ख्रीष्ट असल हुनुहुन्न। [३]फेरि म प्रत्येकलाई चेताउनी दिन्छु, यदि खतना गर्न राजी छौ भने तिमीहरूले

---

**सीनै पाहाड़** अरब देशको एउटा पाहाड़ जहाँ परमेश्वरले मोशालाई आफ्ना व्यवस्थाहरू दिएका थिए (प्रस्थान १९ र २०)।

**"कमारी … पाउने छैन"** उत्पत्ति २१:१०।

मोशाको सबै व्यवस्था पालन गर्नु वाध्य हुने छौ। ४यदि
व्यवस्थौ मानेर धर्मी हुनखोज्छौ भने ख्रीष्टसितको
तिमीहरूको जीवन शेष भयो। तिमीहरू परमेश्वरको
अनुग्रहदेखि बाहिर निस्क्यौ। ५हाम्रो लागि भने, विश्वासद्वारा
मात्रै परमेश्वरको धर्मी बन्ने आशा गर्न सकिन्छ। अनि
त्यो आशा आत्माबाट पाउन हामी पर्खिबसेका छौं।
६कोही ख्रीष्ट येशूमा छ भने त्यसको खतना भएको छ
कि छैन त्यो कुनै मुख्य कुरो होइन। तर मुख्य कुरो त
हो विश्वास, जुन प्रेमबाट आफै अभिव्यक्त हुन्छ।

७तिमीहरू राम्रो दौड़ दौड़िरहेथ्यौ। सत्य पालना गरिरहेका
थियौ। सत्य बाटो हिंड़नमा तिमीहरूलाई कसले रोक्यो?
८यो रोकावट तिमीलाई परमेश्वरबाट भएको होइन
जसले तिमीहरूलाई छान्नुभयो। ९होशियार होऊ, "अलिकति
खमीरले पनि जम्मै पीठोको डल्लालाई फुलाउँछ।"
१०मलाई परमेश्वरले पुरा भरोसा दिन्छन् कि तिमीहरूले
त्यस्तो विचारलाई स्वीकार्नै छैनौ। त्यस्ता विचारमा कसैले
तिमीहरूलाई अल्मल्याउँदै छ। ऊ जो सुकै होस् दण्ड
पाउने नै छ।

११मेरा दाजु-भाइहरू हो! मानिसले खतना गर्नैपर्छ
भनेर मैले सिकाएको छैनँ। त्यस्तै सिकाउँदैछु भने, फेरि
मेरो खेदो किन गरिन्छ? मैले मानिसहरूलाई खतना गर्न
सिकाएकै हो भने ख्रीष्टबारे मेरो प्रचारमा कुनै समस्या
नै बन्ने थिएन। यदि मैले खतना गर्न मानिसहरूलाई
सिकाई रहेको छैन भने, तब क्रूसको विषयमा मेरो
शिक्षा कुनै समस्या नै होइन। १२म त चाहन्छु, कसैले
खतनाको दु:ख बेसाउँछ भने तिमीहरू आफ्नो काममा
अघि बढ़दै जाऊ अनि तिनीहरू नै खसी बनून्।

१३मेरा दाजु-भाइ, दिदी-बहिनीहरू हो! परमेश्वरले
तिमीहरूलाई स्वतन्त्र बन्न बोलाउनु भएको हो। तर
त्यस स्वतन्त्रतालाई आफ्नो पापपूर्ण विचार गर्ने बहाना
नबनाऊ। तर आपसमा प्रेमको बर्तालाप गर। १४सम्पूर्ण
व्यवस्था यही एक आदेशमा समेटिएको छ: "आफूले
आफूलाई जस्तो प्रेम गर्छौ त्यस्तै प्रेम अरूलाई पनि
गर।"* १५तर आपसमा पिटापिट र च्याताच्यात गर्‍यौ
भने, अन्तमा तिमीहरू आपसमै नाश हुने छौ।

## आत्मा र मानवता

१६यसैले म भन्छु: आत्मा अनुसार बाँच। त्यसो
गर्‍यौ भने तिम्रा पापपूर्ण स्वभावले चाहेको खराब काम
गर्ने छैनौ। १७हाम्रो पापपूर्ण स्वभावले यस्तो कुरो
चाहन्छ जुन आत्माको विरूद्ध हुन्छ। अनि आत्माले
चाँहि यस्तो कुरो चाहन्छ जुन हाम्रो पापपूर्ण स्वभावको
विरूद्ध हुन्छ। यी दुइ कुराहरू एक अर्कासित विपरीत
छन्। यसैकारण तिमीले साँच्चै गर्नु चाहेको कुरो गर्न
सक्तैनौ। १८तर आत्माबाट डोरियौ भने तिमी व्यवस्थाको
अधीनमा रहने छैनौ।

१९हाम्रा पापपूर्ण स्वभावले खराबी गर्छ जो यी हुन:
यौन पाप, अशुद्धता, अनैतिकता, २०मूर्ति-पूजा, तन्त्र-मन्त्र,
दुश्मनी, झै-झगड़ा, इर्ष्या, क्रोध, स्वार्थ, फूट, गुटबन्दी,
२१डाह, मदपान, मोजमज्जा र यस्तै अरूहरू। मैले
पहिले पनि चेताउनी दिएकै हुँ र अहिले पनि दिन्छु:
जसले यस्ता कामहरू गर्छन् ती परमेश्वरको राज्यमा
जाने छैनन्। २२तर आत्माले प्रेम, आनन्द, शान्ति, धैर्य,
दया, भलाइ, विश्वस्तता, २३नम्रता, संयम दिंदछ। यी
कुराहरू भूल हुन् भन्ने कुनै व्यवस्थामा छैन। २४ख्रीष्ट
येशूमा हुनेहरूले आफ्ना यस्ता पापपूर्ण स्वभावहरूलाई
क्रूसमा झुण्ड्याएका हुन्छन्। तिनीहरूले आफ्ना वासना र
अशुभ कामना जो तिनीहरूको पाप स्वभावले चाहान्छ,
त्यागी सेकेका हुन्छन्। २५आत्माबाट हामीले नयाँ जीवन
पाउँदछौं। जीवनको पथ प्रदर्शनको निम्ति हामीले आत्मालाई
पछ्याउनु पर्छ। हामी रूमाले हुनुहुँदैन। २६हामीले अर्कालाई
चम्काउनु हुँदैन। र हामीले एक-अर्काको डाह गर्नु
हुँदैन।

## एक अर्कालाई सघाऊ

६ दाजु-भाइ र दिदी-बहिनीहरू हो! तिमीहरूमध्ये कसैले
भूल गर्न सक्छौ। तिमीहरूमा जो आत्मिक छौ भूल
गर्ने मानिसकहाँ जाऊ र उसलाई नम्रतापूर्वक ल्याऊ। यो
काम नम्र बनेर गर्नु पर्छ। तर होश गर! ताकि तिमी
पनि पापतिर नतानिनु सक्छौ। २एक-अर्काको दु:खमा
सहायता गर। यसो गर्‍यौ भने तिमीले ख्रीष्टको व्यवस्थालाई
साँचोसित पालना गरेका हुने छौ। ३यदि कोही मान्य
नहुँदा-नहुँदै पनि आफूलाई मान्य नै संझन्छ भने उसले
आफैलाई धोखा दिइरहेको छ। ४कसैले आफ्नै प्राप्ति
अर्कोकोसित तुलना नगरोस्। आफ्नो काम आफैले
जाँचोस्। तब मात्र ऊ गर्वित हुनसक्छ। ५प्रत्येकले
आफ्नो अभिभारा आफै स्वीकार गरोस्।

---

**"आफूले … पनि गर"** लेवी १९:१८।

[६]जसले परमेश्वरको शिक्षा लिइरहेको छ उसले आफूमा भएको सबै सदगुणहरू आफ्ना प्रशिक्षकहरूमा बाँड़ोस्।

## जीवन खेत रोपे जस्तो हो

[७]आफूले आफैलाई धोखा नदेऊ, तिमी परमेश्वरलाई ठग्न सक्दैनौ। मानिसले जे रोप्छ त्यही फल्छ। [८]यदि कसैले आफ्नै पापपूर्ण खेतमा खेती गर्छ भने उसले विनाश उब्जाउँछ। तर कसैले आत्माको खेतमा खेती गर्छ भने उसले आत्माबाट अनन्त जीवन उब्जाउँछ। [९]राम्रा काम गर्नामा हामी थाक्नु हुँदैन। यदि हामी कर्म गर्न रोकिएनौ भने ठीक समयमा हामी बाली उठाउन पाउँछौ। [१०]जब हामीले अवसर पाउँछौ, सबैलाई सहायता गरौं। विशेष गरी तिनीहरूलाई जो विश्वासी परिवारका छन्।

## पावल आफ्नो पत्र समाप्त गर्छन्

[११]यो म आफै लेख्दैछु। हेर, कतिलामो चिट्ठी म लेख्छु। [१२]कसैले तिमीहरूलाई खतना गर्न कर लगाउलान्। अरूले तिनलाई मानुन् भन्ने आशामा मात्र तिनीहरूले त्यसो गर्छन्। ख्रीष्टको क्रूसलाई मात्र मान्दा तिनीहरूको खेदो होला कि भनेर ती डराउँछन्। [१३]जसले खतना गराउन बल दिन्छन्, तिनीहरू आफै व्यवस्था मान्दैनन् तर तिमीहरूलाई खतना भने गराउन चाहन्छन्। यदि तिनीहरू आफ्नो इच्छा पुरा गराउन सके तिनीहरू आफुमा गर्व गर्छन्। [१४]म चाँहि त्यस्ता कुरामा गर्व गर्दिन भन्ने आशा गर्छु। म हाम्रा प्रभु येशू ख्रीष्टको क्रूसमा गर्व गर्छु। क्रूसद्वारा संसार मेरो लागि मरेको छ र संसारको लागि म मरिसकेको छु। [१५]खतना गर्नु कि न गर्नु त्यो कुनै महत्वपूर्ण कुरा होइन। महत्वपूर्ण कुरा हो परमेश्वरले बनाएको नयाँ मानिस हुनु। [१६]यो व्यवस्था पालन गर्ने परमेश्वरका सम्पूर्ण जनहरू अनि परमेश्वरका जम्मै मानिसहरू प्रति शान्ति र करूणा रहोस्।

[१७]अब उसो कसैले मलाई धेरै कष्ट नदेऊ। मेरो शरीरभरि चोटका दागहरू छन्। यी दागहरूले प्रमाण गर्छ कि म ख्रीष्ट येशूकै हुँ।

[१८]मेरा दाजु-भाइ दिदी-बहिनीहरू! हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मामा रहिरहोस् भनी म प्रार्थना गर्छु। आमिन।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html